जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

स.नि.वि.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक


वर्ष ३४ अंक ८५ २०८१ साल कात्तिक १० गते शनिबार (26 Oct. 2024 Saturday) मूल्य रु. ५/-




Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : विवाहपञ्चमी महोत्सवको... ३ पृष्ठमा : कार्यसमिति विस्तारमा राजनीतिक र... ३ पृष्ठमा : इजरायली आक्रमणमा तीन ...

# डाक्नेश्वरीमा भ्रष्टाचार बढेको भन्दै एमालेको नगर इन्चार्जबाट वडा अध्यक्ष समेत रहेका चौधरीले दिए राजिनामा


मितिः २०८१।०७।०८

अध्यक्ष कमरेड
ने.क.पा. एमाले जिल्ला कमिटि, सप्तरी ।

विषयः पदीय जिम्मेवारी बाट राजिनामा गरेको ।

प्रस्तुत विषयमा विगत २०७४ साल देखि हाल सम्म दुई स्थानीय तह र एक संघ, प्रदेशको निर्वाचनको जिम्मेवारी पुरा गरी यहाँ सम्म आईपुग्दा ७ वर्षको यात्रामा विभिन्न बाधा अवरोध लाई चिर्दै विगतको २०७९ को स्थानीय निर्वाचनमा अपेक्षित परिणाम हासिल गरी पालिकामा मेयर, उपमेयर समेत बहुमतको सरकार बन्यो । निर्वाचनमा जनता समक्ष गरेको प्रतिबद्धता अनुसार पालिका बाट भ्रष्टाचार मुक्त र शुसासन कायम गर्न म ईन्चार्जको हैसियतले असफल रहेकोले नैतिकताको आधारमा आजकै मिति २०८१।०७।०८ बाट नगर ईन्चार्जको जिम्मेवारी बाट राजिनामा गर्दछु ।

अभिवादन सहित
क. कर्णदेव चौधरी
नगर ईन्चार्ज डा.न.पा. पातो, सप्तरी ।
तथा
वडाध्यक्ष (दोस्रो कार्यकाल) डा.न.पा.-०९, पत्थरगाडा, सप्तरी ।

**दैनिक समाचारदाता राजविराज, ९ कात्तिक ।**

सप्तरीको डाक्नेश्वरी नगरपालिकाका नेकपा एमालेका नगर इन्चार्ज तथा वडा नं. ९ का वडाअध्यक्ष कर्णदेव चौधरीले शुक्रबार नगर इन्चार्ज पदबाट राजिनामा दिएका छन् ।

निर्वाचनमा जनता समक्ष गरेको प्रतिबद्धता अनुसार पालिकाबाट भ्रष्टाचार मुक्त शुसासन कायम गर्न असफल भएको भन्दै उनले बिहीबार नेकपा एमाले जिल्ला कमिटिलाई पत्र लेख्दै राजिनामा दिएका हुन् ।

'स्थानिय तहको चुनावमा पार्टीको तर्फबाट भ्रष्टाचार नियन्त्रण, सुशासन कायम गर्ने प्रतिवद्धता जनतासंग गएपनि अढाई बर्ष वित्न लाग्दा पनि कायम हुन नसकेपछि पटक-पटक छलफल भएर सहमति पनि भएको तर, कागजकै खोस्टोमा सिमित रहयो कार्यान्वयन भएन' चौधरीले भने, 'न्यूनिकरणको ठाउँमा अझै बढ्दै गएको छ ।'

उनले भ्रष्टाचार सुशासन कायम गर्न नसकेकोमा नगरप्रमुख रामलखन मलाह दोषी रहेको बताए । 'यसमा नेतृत्व पंक्ति दोषी छ' उनले भने ।

गत स्थानीय निर्वाचनमा नगरपालिको मेयर र उपमेयर समेत एमालेकै उम्मेदवार निर्वाचित भएको तथा आफु दोश्रो पटक वडाअध्यक्षमा निर्वाचित भएपनि नगरपालिकामा बढ्दो भ्रष्टाचारलाई नियन्त्रण गर्न असफल भएको पत्रमा उल्लेख गरेका छन् ।

उनी सो नगरपालिकाको वडा नं. ९ पत्थरगाडामा दोश्रो पटक वडाअध्यक्षमा निर्वाचित भएका हुन् ।

# जिल्ला बारका निर्वाचित पदाधिकारीहरुद्वारा पदस्थापन



**दैनिक समाचारदाता राजविराज, ९ कात्तिक ।**

सप्तरी जिल्ला अदालत बार एशोसिएशनको निर्वाचनबाट निर्वाचित पदाधिकारीहरुले शुक्रबार पदस्थपन गरेका छन् ।

उच्च अदालत जनकपुर राजविराज इजलाशका न्यायाधिश अर्जनु अधिकारीको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा निर्वाचन समितिका संयोजक केशव दासले निर्वाचित पदाधिकारीहरुलाई पदस्थापन तथा सपथ गराएका थिए । प्रमुख अतिथिले भने नवनिर्वाचित पदाधिकारीहरुलाई प्रमाणपत्र बितरण गरेका थिए । गत भदौं २९ गते सम्पन्न निर्वाचनमा अध्यक्ष पदमा प्रगतिशिल लोकतान्त्रिक समावेशी तथा पेशागत कानुन व्यवसायी समूहका कामेश्वर यादव निर्वाचित भएका थिए ।

उपाध्यक्ष पदमा मिस्टर चौधरी, सहसचिव पदमा शैलजा कुमारी साह र कोषाध्यक्ष पदमा निलम कुमारी यादव निर्विरोध निर्वाचित भएका थिए ।

सचिव पदमा कानुन व्यवसायी रामएकवाल मण्डल, सदस्य पदमा लबेन्द्र प्रसाद देव, धिरेन्द्र लाल, रामनरेश चौधरी, शिवनारायण यादव तथा बिरबहादुर कडारी निर्वाचित भएका थिए ।

यस्तै केन्द्रिय पार्षदमा कानुन व्यवसायीहरु महेन्द्र प्रसाद देव, शंकर कुमार मिश्र, केशरलाल खंग, रमाकान्त चौधरी तथा ध्रब कुमार मण्डल निर्वाचित भएका थिए ।

# सप्तरीको सिडियोमा भोला दाहाल आउँदै

**दैनिक समाचारदाता राजविराज, ९ कात्तिक ।**

गृह मन्त्रालय र मातहतका २९ जना कर्मचारीको जिम्मेवारी हेरफेर भएको छ । गृहमन्त्री रमेश लेखकले १८ जनालाई प्रमुख जिल्ला अधिकारीको जिम्मेवारी दिएका छन् ।

सप्तरीका प्रमुख जिल्ला अधिकारी मेखबहादुर मग्राँतिलाई जाजरकोट तथा गोरखाका प्रजिअ भोला दाहाललाई सप्तरीमा सरुवा गरिएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा कार्यरत सहसचिव वसन्त अधिकारीलाई बारा जिल्लाको प्रमुख जिल्ला अधिकारीको जिम्मेवारी दिइएको छ । प्राधिकरणमा सहसचिव रामबन्धु सुवेदीलाई ल्याइएको छ ।

प्रमुख जिल्ला अधिकारीको जिम्मेवारी पाउनेमा रुपन्देहीमा वासुदेव घिमिरे, पर्सामा गणेश अर्याल, महोत्तरीमा लालबाबु कवारी, पाल्पामा तोयनारायण सुवेदी, दोलखामा शिवराम गेलाल, धनकुटामा टुवराज पोखरेल, गोरखामा पुण्यविक्रम पौडेल, तनहुँमा श्यामकृष्ण थापा र गुल्मीमा जनार्दन गौतम छन् ।

गुल्मीका प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद शर्मालाई कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागमा ल्याइएको छ । बाराका प्रजिअ शशिधर घिमिरे, पाल्पाका प्रजिअ आनन्द काफ्ले, ताप्लेजुङका प्रजिअ रवीन्द्रप्रसाद आचार्य र जाजरकोटका प्रजिअ उमाकान्त अधिकारीलाई गृह मन्त्रालयमा ल्याइएको छ ।

संखुवासभाको सीडीओको जिम्मेवारी विनोदकुमार खड्का, भक्तपुरमा गोपालप्रसाद अर्याल र डोटीमा मोहनराज जोशीलाई दिइएको छ । भक्तपुरमा कार्यरत रोशनीकुमारी श्रेष्ठलाई विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा सरुवा गरिएको छ ।

ललितपुरका प्रजिअ तुलसीबहादुर श्रेष्ठलाई गृह मन्त्रालयमा सरुवा गरिएको छ । सहसचिव रमेश ढकाललाई ललितपुरमा पठाइएको छ । उपसचिव रामचन्द्र अर्याल इलाका प्रशासन कार्यालय बुटवलमा सरुवा भएका छन् ।

बैतडीको प्रजिअ भीमकान्त शर्मालाई प्राधिकरणमा ल्याइएको छ । बैतडीमा दीर्घराज उपाध्यायलाई पठाइएको छ । नेत्रप्रसाद शर्मालाई ताप्लेजुङको प्रमुख जिल्ला अधिकारीको जिम्मेवारी दिइएको छ ।

# मुख्यमन्त्री सिंहको राजनीतिक सल्लाहकारमा संजय यादव नियुक्त

**दैनिक समाचारदाता राजविराज, ९ कात्तिक ।**

मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले जनमत पार्टीका केन्द्रीय सदस्य एवं युवा जनमत संघका संयोजक सञ्जय यादवलाई आफ्नो राजनीतिक सल्लाहकारमा नियुक्त गरेका छन् ।

मुख्यमन्त्री सिंहले यादवलाई बिहीबार नियुक्ति पत्र प्रदान गरेका हुन् । विभिन्न सामाजिक अभियानमा संलग्न हुँदै आएका एक वर्षअघि मात्रै जनमत पार्टीमा प्रवेश गरेका थिए ।

## दीपावली गर्दा सतर्क रहौं

दीपावलीको समयमा:

- मैनबत्ती, दियो तथा बिद्युतीय बत्ती प्रयोग गर्दा आगजनी हुन सक्छ,

त्यसबाट बच्न:

- दियो, मैनबत्ती बाल्दा आगोले टिप्ने सामान नजिक नराखौं,
- बालबालिकाले भेट्ने गरी दियो, मैनबत्ती लगायतका प्रज्वलनशील पदार्थ नराखौं,
- पर्दा वा झ्याल ढोकाको नजिकै तथा काठका फर्निचरमाथि दियो तथा मैनबत्ती नबालौं,
- मैनबत्ती, दियो बालिसकेपछी ननिभेसम्म निगरानी गरौं,
- धेरै बिद्युतीय बत्तिको प्रयोग गर्दा ओभरलोडका कारण बिद्युत सट भई आगलागी हुन सक्छ,
- एक्सटेन्सन प्लगको क्षमताअनुसार मात्र बत्तिको प्रयोग गरौं,
- पटाका तथा अन्य प्रज्बलनसील बस्तुको प्रयोग नगरौं,

आगजनीबाट बचौं र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

# युवाले अवसर पाउने गरि संरचना निर्माण गर्नु जरुरी

अहिले नेपालबाट युवाहरु विदेश पलायन हुने क्रम जारि नै रहेको छ। स्वदेशमा रोजगारीको अवस्था सृजना नहुँदा उनीहरु पलायन भइरहेका छन् । मुलुकको हरेक क्षेत्र अहिले सन्तोषजनक रहेको तथा राजनीतिक परिवेश पनि स्थिर नरहेको बेला युवाहरु विदेशीनु निकै गम्भिर विषय बनेको छ । सरकारले युवाहरु पलायन हुने क्रम रोक्नका लागि एउटा ठोस दिर्घकालिन नीति बनाउन नसक्नु लाजमर्दो छ ।

यता मुलुकको जुनसुकै राजनीतिक पार्टीको नेतृत्व पंक्तिमा अहिले बृद्ध अवस्थामा पुगेका व्यक्तिहरुले नै गरिरहेका छन् । यूवाहरुलाई मात्र देखाउने मुख र भोट बैंकको रुपमा प्रयोग गरिएको अवस्था छ । यूवा नेतृत्व यस्तो जमात हो जसले समाज परिवर्तनमा अहम भूमिका खेल्न सक्छ । कुनै पनि मुलुकको राजनीतिक, आर्थिक र सामाजिक परिवेशलाई परिवर्तन समेत गर्न सक्छ । देशको मेरुदण्डको रुपमा मानिएको युवा शक्तिले चाहेमा आफ्नो देश तथा समाजलाई निश्चित रुपमा परिवर्तन गर्न सक्ने क्षमता देखाएका छन् ।

तसर्थ स्वदेशमै युवाहरुका लागि आर्थिक रुपमा आत्मनिर्भर बनाउने ठोस नीति तयार पार्न आवश्यक कदम उठाउनु आवश्यक छ । जसले गर्दा युवा शक्तिलाई आफ्नै देशमा परिचालन गरेर देशको मुहार परिवर्तन गर्नेदेखि समाज परिवर्तनमा समेत सह्तनिय भुमिका निर्वाह गर्न सकिन्छ ।

# विवाहपञ्चमी महोत्सवको तयारीमा जुट्यो मधेस सरकार

महोत्तरी, ९ कात्तिक (रासस) ।

मधेसको मिथिलाक्षेत्रको सांस्कृतिक महोत्सव मानिने विवाहपञ्चमीको भव्यताका लागि प्रदेश सरकारले तयारी थालेको छ ।

सप्ताहव्यापी मनाइने रामजानकी विवाह महोत्सवमा गरिनुपर्ने व्यवस्थापकीय कामको सूची तयार गरी सोअनुरुप अघि बढ्न मधेस प्रदेश सरकारले बिहीबार कार्यदल नै बनाएर तयारी थालेको हो । मन्त्रिपरिषद् बैठकले प्रदेश सरकारका शिक्षा तथा संस्कृतिमन्त्री रानी शर्मा तिवारीको नेतृत्वमा कार्यदल (समिति) बनाएको गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीले जानकारी दिनुभयो ।

“रामजानकी विवाह महोत्सव मिथिलाको विशिष्ट सांस्कृतिक उत्सव हो, हामीले यसको काम सुव्यवस्थित तवरले अघि बढोस् भनेर शिक्षा तथा संस्कृतिमन्त्रीकै अध्यक्षतामा तयारी समिति बनाएका छौँ”, मन्त्री लेखीले भन्नुभयो, “महोत्सव सम्झनायोग्य बनाउन मधेस प्रदेश सरकारले प्रयत्न केन्द्रित गर्नेछ ।” मन्त्री तिवारीको नेतृत्वमा गठित समितिमा उद्योग, वाणिज्य तथा पर्यटनमन्त्री सकिलअलि मिञाँ, खेलकुद तथा समाज कल्याणमन्त्री प्रमोदकुमार जयसवाल, स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री शत्रुधनप्रसाद सिंह र ऊर्जा, सिँचाइ तथा खानेपानीमन्त्री शेषनारायण यादव सदस्य रहनुभएको लेखीले जानकारी दिनुभयो ।

यो समितिले महोत्सवका कार्यक्रमको रुपरेखा तयार गर्नसँगै अयोध्याबाट आउने जन्तीको स्वागत, खानपान तथा बसोबास व्यवस्थापन र आम श्रद्धालु बस्न सक्ने ठाउँको व्यवस्थापनबारे पूर्वयोजना बनाउने छ । त्रेतायुगमा अयोध्याका राजा दशरथका श्रीरामसहितका चार पुत्र र विदेहराज (मिथिला नरेश) शिरध्वज जनक र उहाँका भाइ कुशध्वजका छोरीहरू सीताजीसहित चार दिदीबहिनीको विवाह भएको मङ्सिर शुक्ल पञ्चमी तिथिका अवसरमा विवाहपञ्चमी महोत्सव मनाइने पुरानो मैथिल परम्परा हो । यसपालि यो सांस्कृतिक पर्व आगामी मङ्सिर २१ गते शुक्रबार परेको छ ।

महोत्सवमा विवाहअघि र पछिका विधि मिथिलाका स्थापित परम्परा र प्रचलित कर्मकाण्डीय विधानअनुसार गरिने चलन छ । यसका लागि प्रत्येक दिनका विधिअनुसार सप्ताहव्यापी कार्यक्रम आयोजना गरिन्छन् । जसमा राम, लक्ष्मण जनकपुर आइपुगेका दिनलाई नगर दर्शन, सीताजीसँग फूलबारीमा आमनेसामने भएको कथा प्रसङ्गलाई फूलबारी लीला, धनुषयज्ञ, तिलकोत्सव, मटकोर (विवाहका लागि यज्ञवेदी बनाउने), स्वयम्वर, विवाह र रामकलेवा (जन्ती बिदाइ)का कार्यक्रम आयोजना गरिन्छन् ।

यो महोत्सवमा जनकपुरधामस्थित राममन्दिरका महन्त र जानकी मन्दिरका महन्थ क्रमशः दुलहा/दुलहीका पिताको भूमिकामा हुन्छन् । पूरै महोत्सवभरि सम्धीसम्धीबीच हुने हाँसख्याल ठट्टा र मनोविनोद एवं यससँग जोडिएका सम्पूर्ण विधिले साँच्चै नै रामसीताको विवाहको झल्को दिने गरेको संस्कृतिविद् तथा साहित्यकार डा राजेन्द्रप्रसाद विमल बताउनुहुन्छ ।

प्राचीनकालदेखि चल्दै आएको यो परम्परालाई उच्चतम महत्व दिएर मधेस सरकारले एक महिनाभन्दा पहिलेदेखि नै तयारी थाल्नुलाई यहाँका बुद्धिजीवीहरूले सकारात्मक रूपमा लिएका छन् । प्रदेश सरकारले पहिलेदेखि नै तयारीका काम थालेर महोत्सव व्यवस्थित बनाउन पहलकदमी लिनु सकारात्मक भएको महोत्तरीको जलेश्वर-५ पतैलीका बासिन्दा संस्कृतिविद तथा मिथिला माहात्म्यका नेपाली अनुवादक ध्रुव रायको प्रतिक्रिया छ ।

समितिले महोत्सव व्यवस्थित र सुसज्जित बनाउन आवश्यक प्रबन्ध जुटाउनसँगै यससँगै जोडेर सुरक्षा, आबास, भोजन, खानेपानी, विद्युत्, यातायात, स्वास्थोपचार र शौचालयको समुचित प्रबन्धको तयारी गर्ने जनाइएको छ ।

# वीरगञ्ज नाका हुँदै सवारीसाधनको आयात खस्कियो

पर्सा, ९ कात्तिक (रासस) ।

वीरगञ्ज भन्सार नाका हुदैँ आयात हुने चारपाङ्गे सवारीसाधनको आयात ह्वात्तै घटेको छ ।गत आर्थिक वर्षको तीन महिनाको तुलनामा चालु आवको सोही अवधिमा चारपाङ्गे सवारीसाधनको आयात ६० प्रतिशत भन्दा बढीले कमी आएको छ । वीरगञ्ज नाका हुँदै पेट्रोलियम पदार्थ र विद्युतीय सवारीसाधन दूवैको आयातमा पनि कमी देखिएको छ ।

चालु आवको असोज मसान्तसम्मको अवधिमा ४० करोड ४७ लाख ६३ हजार मूल्यपर्ने दुई सय १५ वटा जीप, कार र भ्यान आयात भएका छन् । गत आवको तीन महिनाको तुलनामा चालु आवको सोही अवधिमा जीप, कार र भ्यानको परिमाणको आधारमा ६६ दशमलव ०९ प्रतिशतले घटेको देखिन्छ । सोही अवधि राजस्व सङ्कलनको आधारमा भने ४९ दशमलव ९३ प्रतिशतले गिरावट आएको छ ।

वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक दीपक लामिछानेले चारपाङ्ग्रे सवारीसाधन वीरगञ्ज नाकाभन्दा पनि अन्य नाकाबाट भित्रचाउने क्रम बढेको बताउनुभयो ।“व्यवसायीले जुनसुकै नाकाबाट सवारीसाधन भित्राए पनि समग्रमा राजस्व मुलुकभित्रै भित्रिने हो,” उहाँले भन्नुभयो,“चालु आवको साउन र भदौ महिनाको तुलनामा वीरगञ्ज भन्सार कार्यालयले सङ्कलन गर्ने समग्र राजस्वमासमेत वृद्धि हुदैँ आइरहेको छ ।”

गत आवको तीन महिनाको अवधिमा भने ९० करोड ५७ लाख १६ हजार मूल्यपर्ने छ सय ३४ वटा जीप, कार र भ्यानको आयात भएको थियो । पेटोलियम पदार्थबाट चल्ने चारपाङग्रे सवारीसाधनको मात्रै आयात घटेको होइन् । गत आवको तीन महिनाको तुलनामा चालु आवको सोही अवधिमा इलेक्ट्रिक, कार, जीप र भ्यानको आयातमा पनि ठूलो गिरावट आएको छ ।

चालु आवको तीन महिनाको अवधिमा वीरगञ्ज नाकाहुँदै नौ करोड ७७ लाख ९० हजार मूल्यपर्ने ६७ वटा मात्रै इलेक्ट्रिक कार, जीप र भ्यान आयात भएको छ । प्रमुख भन्सार प्रशासक लामिछानेले इलेक्ट्रिक सवारीसाधन वीरगञ्ज नाकाबाट भन्दा पनि उत्तरी नाकाबाट धेरै भित्रिने बताउनुहुन्छ ।

“इलेक्ट्रिक सवारीसाधन व्यापारीले उत्तरी नाकाबाट भित्रचाउने गर्नुहुन्छ भने ठूला सवारीसाधन भने वीरगञ्ज नाका हुदैँ भित्रिन्छन् ।” गत आवको तीन महिनाको तुलनामा चालु आवको सोही अवधिमा इलेक्ट्रिक सवारीसाधनको आयात परिमाणको हिसाबले ६४ दशमलव ७४ प्रतिशतले गिरावट आएको छ । सोही अवधिमा इलेक्ट्रिक सवारीसाधनको आयातबाट हुने राजस्व सङ्कलनमा पनि ५९ दशमलव ६७ प्रतिशतले कमी आएको छ । जबकी गत आवको तीन महिनाको अवधिमा ३५ करोड नौ लाख ९४ हजार मूल्यपर्ने एक सय ९० वटा इलेक्ट्रिक सवारीसाधन आयात भएको थियो ।

चालु आवको तीन महिनाको अवधिमा रु सात करोड ३२ लाख १७ हजार मूल्य पर्ने ३२ वटा ट्रक, मिनि ट्रकको आयातमा भएको छ । जबकी गत आवको तीन महिनाको अवधिको तुलनामा चालु आवको सोही अवधिमा भने ६३ दशमलव ६४ प्रतिशतले आयात घटेको छ । गत आवको तीन महिनाको अवधिमा ट्रक मिनि ट्रक २० करोड १३ लाख १२ हजार मूल्य पर्ने ८८ वटा भित्रिएका थिए । त्यस्तै चालु आवको तीन महिनाको अवधिमा पिकअप तथा डेलिभरी भ्यानको आयात पनि खस्किएको छ । चालु आवको तीन महिनाको अवधिमा नौ करोड ७५ लाख तीन हजार मूल्य पर्ने ६८ वटा पिकअप तथा डेलिभरी भ्यान आयात भएको छ ।

जबकी गत आवको तीन महिनाको तुलनामा चालु आवको सोही अवधिमा भने पिकअप तथा डेलिभरी भ्यानको आयात ६३ दशमलव ६४ प्रतिशतले घटेको छ । जबकी गत आवको सोही अवधिमा भने १४ करोड १५ लाख मूल्यपर्ने एक सय ३२ पिकअप तथा डेलिभरी भ्यानको आयात भएको थियो ।


**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan

Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC Reg No. : 15312

**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज

Mo. No : 9842830252, 9804605569



**लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय**

**लक्षण**

- उच्च ज्वरो आउनु ।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु ।
- आँखाको गेडी दुख्नु ।
- अत्याधिक टाउको दुख्नु ।
- शरीरमा राता बिमिराहरु आउनु ।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं ।

**छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**

# कार्यसमिति विस्तारमा राजनीतिक र पार्टीगत प्रभाव छैन : नेपाल रेडक्रस सोसाइटी

काठमाडौँ, ९ कात्तिक (रासस)।

नेपाल रेडक्रस सोसाइटी (नेरेसो)को वर्तमान केन्द्रीय कार्यसमितिको विस्तार रेडक्रसको सिद्धान्त, मूल्य,मान्यताअनुरुप भएको स्पष्ठ पारेको छ।

सोसाइटीद्वारा शुक्रबार यहाँ जारी विज्ञप्तिमा सोसाइटीको वर्तमान केन्द्रीय कार्यसमिति 'नेपाल रेडक्रस सोसाइटी' रेडक्रसका सिद्धान्त, मूल्यमान्यताअनुरुप तटस्थ, निष्पक्ष, स्वतन्त्र मानवीय संस्थाका रुपमा रहनुपर्छ र यसमा कुनै पनि किसिमको राजनीतिक, पार्टीगत प्रभाव पर्नु हुँदैन भन्ने कुरामा सचेत र प्रतिबद्ध रहेको उल्लेख छ। विज्ञप्तिमा भनिएको छ "तसर्थ, यसको सिद्धान्त, मूल्यमान्यता, कार्यशैलीमा प्रभाव पर्नेगरी कुनै सहमति नगरिएको सम्पूर्ण सम्बन्धित सरोकारवाला र जनमानसमा स्पष्ट पार्दछौं। केन्द्रीय कार्यसमितिको विस्तारपश्चात् गठन, निर्वाचनलगायत यससँग सम्बन्धित अदालतमा विचाराधीन मुद्दाहरू सम्बन्धित निवेदकबाट फिर्ता लिइसकेको अवस्था छ भने विधान संशोधन गरी समसामयिक सुधारसहित निष्पक्ष, तटस्थ, स्वतन्त्र, बलियो नेपाल रेडक्रस बनाउन विसं २०८१ मङ्सिर २६ र २७ गतेका लागि विधान महाधिवेशन आह्वान गरिएको छ।"

नेपालमा हालसम्म रेडक्रस ऐन नहुँदा वैधानिकलगायत विभिन्न समस्या परिरहेकाले सो ऐन बनाउन नेपाल रेडक्रसकोतर्फबाट नेपाल सरकारसँग समन्वय र सहयोगका लागि समिति गठन गरिएको छ। साथै संशोधित विधानअनुसार २०८१ चैत मसान्तभित्र केन्द्रीय कार्यसमितिको निर्वाचन गराउने कार्ययोजनाका साथ काम भइरहेकाले गलत अभिप्रायले गरिएका प्रचारबाट कुनै पनि भ्रममा नपर्नुहुन सबै सरोकारवाला, साझेदार निकाय र आमरेडक्रसकर्मीलाई अनुरोध गर्दछौं विज्ञप्तिमा भनिएको छ।

नेरेसो विश्व रेडक्रस अभियानको अभिन्न अङ्गका रूपमा २०२० साल भदौ १९ गतेका दिन स्थापना भई रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूको अन्तर्राष्ट्रिय महासङ्घको सदस्य र रेडक्रसको अन्तर्राष्ट्रिय समितिबाट मान्यता प्राप्त संस्थाका रूपमा देशभरि नै मानवीय सेवा गर्दै आइरहेको छ।

लामो समयदेखि संस्थामा रहेका सम्पूर्ण विवादहरुको अन्त्यगरी सुधारसहित सुदृढ, समावेशी, प्रभावशाली नेपाल रेडक्रस बनाउने उद्देश्यले प्राध्यापक सुदर्शनप्रसाद नेपालको अध्यक्षतामा रहेको मौजुदा केन्द्रीय कार्यसमितिमा २०८१ साल कात्तिक २ गते बसेको ३२६औं बैठकले वरिष्ठ उपाध्यक्ष र सदस्यहरू थपगरी वरिष्ठ उपाध्यक्ष पदमा चन्द्रकला कार्कीलाई मनोनयन गरी केन्द्रीय कार्यसमिति विस्तार भएको विज्ञप्तिमा उल्लेख छ।

विज्ञप्तिमा भनिएको छ "सबै सरोकारवालासँगको निरन्तर संवाद, छलफल, सहमतिलाई निरन्तरता दिँदै संस्थाले वैधानिक र दीर्घकालिन रूपमा समस्या समाधान गर्न सहजीकरण हेतु गरिएको यो प्रयासलाई राजनीतिक वा अन्य गैररेडक्रस क्रियाकलापबाट अभिप्रेरित भई गरिएको भनी प्रचारप्रसार हुनु दुःखद् छ। कार्यसमितिको विस्तार केही सञ्चारमाध्यममा भनिएजस्तो राजनीतिक अभिप्रायले उत्प्रेरित भागबण्डा नभई रेडक्रसको मौजुदा कार्यसमितिको निर्णयबमोजिम भएको व्यहोरा स्पष्ट पार्न चाहन्छौं।"

विज्ञप्तिमा केन्द्रीय कार्यसमितिको विस्तारपश्चात् गठन, निर्वाचनलगायत यससँग सम्बन्धित अदालतमा विचाराधीन मुद्दाहरू सम्बन्धित निवेदकबाट फिर्ता लिइसकेको अवस्था छ भने विधान संशोधन गरी समसामयिक सुधारसहित निष्पक्ष, तटस्थ, स्वतन्त्र, बलियो नेपाल रेडक्रस बनाउन विसं २०८१ मङ्सिर २६ र २७ गतेका लागि विधान महाधिवेशन आह्वान गरिएको छ।

नेपालमा हालसम्म रेडक्रस ऐन नहुँदा वैधानिकलगायत विभिन्न समस्या परिरहेकाले सो ऐन बनाउन नेपाल रेडक्रसकोतर्फबाट नेपाल सरकारसँग समन्वय र सहयोगका लागि समिति गठन गरिएको विज्ञप्तिमा उल्लेख छ। विज्ञप्ति भनिएको छ " संशोधित विधानअनुसार २०८१ चैत मसान्तभित्र केन्द्रीय कार्यसमितिको निर्वाचन गराउने कार्ययोजनाका साथ काम भइरहेकाले गलत अभिप्रायले गरिएका प्रचारबाट भ्रममा नपर्नुहुन सबै सरोकारवाला, साझेदार निकाय र आमरेडक्रसकर्मीलाई अनुरोध गर्दछौं। "

विज्ञप्तिमा सोसाइटीले देशभरि नै आफ्ना सेवामूलक र विकासमूलक गतिविधि सक्रियताका साथ सञ्चालन गरिरहेको जानकारी गराउँदै हालै आएको बाढीपहिरोको प्रतिकार्यमा अहोरात्र खटिने सोसाइटीका प्रदेश कार्यसमिति, जिल्ला कार्यसमिति, स्वयंसेवक तथा कर्मचारीहरू, दातालगायत सहयोगी सबैप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछौं भनिएको छ।

# नीति निर्माण प्रक्रियामा पूर्ण र समान साझेदार बनाउन मन्त्रालय प्रतिबद्ध छ : मन्त्री सुडी

काठमाडौँ, ९ कात्तिक (रासस)।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नवलकिशोर साह सुडीले महिलालाई राज्यका नीतिनिर्माण प्रक्रियामा पूर्ण र समान साझेदार बनाउन मन्त्रालय प्रतिबद्ध रहेको बताउनुभएको छ।

शुक्रबार यहाँ आयोजित नेपालको बेइजिङ प्लस ३० समीक्षा कार्यक्रममा उहाँले महिला राजनीतिक र आर्थिक सशक्तीकरणसँगै भेदभाव उन्मुलनमा मात्र नभई सबै नीतिनिर्माण प्रक्रियामा पूर्ण र समान साझेदारका रुपमा सहभागी हुनुपर्नेमा जोड दिनुभयो।

"महिला विकासको बलियो स्तम्भका रुपमा भूमिका खेल्नसक्नेमा दृढ विश्वास राख्छु", मन्त्री सुडीले भन्नुभयो, "महिला अधिकारका लागि निरन्तर पहल गरिरहेकाले महिला र बालबालिकाका लागि सहज र समान समाज विकास गर्न आवश्यक नीतिनिर्माण गर्नुका साथै सहभागितामूलक बनाउने प्रतिबद्धता व्यक्त गर्दछु।" उहाँले सरकार र नागरिक समाजसँगै मिलेर लैङ्गिक असमानताका मूल कारण निर्मुल गर्नुपर्नेमा जोड दिनुभयो।

बेइजिङ प्लस ३० समीक्षा सम्मेलनले महिला र बालबालिकाको सशक्तीकरणमा योगदान पुऱ्याउने मन्त्री सुडीले विश्वास व्यक्त गर्नुभयो। उहाँले महिला तथा बालबालिकाका क्षेत्रमा रहेका समस्याको उजागर गर्दै समाधानको बाटो पहिल्याउने गरी तथ्यपरक प्रतिवेदन बनाउन सुझाव दिनुभयो।

"बेइजिङ समीक्षा र कार्ययोजना महिला सशक्तीकरणका लागि दुरदर्शी एजेण्डा हो। यसले नीजि र सार्वजनिक सबै क्षेत्रमा महिला सशक्तीकरणका लागि सरोकार भएका क्षेत्रहरु पहिचान गरेको छ", मन्त्री सुडीले भन्नुभयो, "राष्ट्रियस्तरको यस छलफलले लैङ्गिक समानताका क्षेत्रमा काम गर्नेहरुसँग संलग्न हुन र अझै पनि पिछडिएका व्यक्तिहरुको समस्यालाई उजागर गर्न सरकार र सरोकार भएकाहरुको ध्यानाकर्षण गराउने अवसर प्रदान गर्नेछ।"

राष्ट्रिय महिला आयोगका अध्यक्ष कमला पराजुलीले लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायलाई पनि समेटेर सशक्तीकरण अभियान सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले महिला र ज्येष्ठ नागरिकको अवस्था संवेदनशील बन्दै गएको बताउनुभयो।

नेशनल नेटवर्क फर बेइजिङ रिभ्यु नेपाल (एनएनबीएन), संयुक्त राष्ट्रसङ्घीय महिला (युएन महिला) र महिला, कानुन र विकास मञ्चको सहकार्यमा आयोजित सम्मेलनमा महिला आन्दोलनमा महत्वपूर्ण भूमिका निर्वाह गरेका तीन महिला अधिकारकर्मीलाई सम्मान गरिएको थियो। मन्त्री सुडीले महिला अधिकारकर्मी लक्ष्मीकेशरी मानन्धर, इन्दिरा श्रेष्ठ र तुलसालता अमात्यलाई कदरपत्रसहित सम्मान गर्नुभएको हो।

# डेङ्गी नियन्त्रणमा लाग्न प्रधानमन्त्रीको अनुरोध

काठमाडौँ, ९ कात्तिक (रासस)।

प्रधानमन्त्री केपी शर्मा ओलीले डेङ्गी नियन्त्रणमा लाग्न समाजका सबै वर्गमा अनुरोध गर्नुभएको छ।

प्रधानमन्त्री ओलीले शुक्रबार दिनुभएको भिडियो सन्देशमा देशका केही जिल्लामा डेङ्गीको प्रभाव कायम रहेकाले त्यसको नियन्त्रणमा लाग्न सबैमा अनुरोध गर्नुभएको हो।

प्रधानमन्त्रीले हरेक शुक्रबार बिहान १०:०० बजे 'खोज र नष्ट गर' अभियान देशव्यापी रूपमा सञ्चालन गर्न सङ्घीय, प्रदेश तथा स्थानीय तहका सरोकारवाला निकाय, निजामती कर्मचारी, सुरक्षा निकाय, शिक्षण संस्था, सामाजिक अभियान्ताका साथै समाजका सबै वर्गको सक्रिय सहभागिताका निम्ति आग्रह गर्नुभएको छ।

उहाँले डेङ्गी सार्ने लामखुट्टेको नियन्त्रणका लागि लामखुट्टेको प्रजननस्थल पानी जम्ने स्थान भएकाले त्यस्ता स्थलको पहिचान गरी लामखुट्टेका लार्भा र प्युपा नष्ट गर्नुपर्नेमा जोड दिनुभएको छ। "नागरिक स्वस्थ भएमा मात्र समृद्ध नेपाल निर्माण सम्भव छ, त्यसैले डेङ्गी नियन्त्रणको यस अभियानलाई सफल पार्न सबैलाई आ-आफ्नो स्थानबाट सहयोग गर्न अनुरोध गर्दछु", सन्देशमा प्रधानमन्त्रीले भन्नुभएको छ।

## विश्व समाचार

### इजरायली आक्रमणमा तीन जना पत्रकारको मृत्यु

बेरुत (लेबनान), ९ कात्तिक (रासस/एएफपी)।

पूर्वीलेबनानमा भएको इजरायली आक्रमणमा तीन जना पत्रकारको मृत्यु हुनुका साथै बेरुतको दक्षिणी उपनगरका भवनहरूमा भौतिक क्षति भएको लेबनानको राष्ट्रिय सञ्चार माध्यमले शुक्रबार जनाएको छ। लेबनानको आधिकारिक राष्ट्रिय समाचार एजेन्सी (एनएनए) ले हसबायामा भएको उक्त घटनाको रिपोर्ट गरेको थियो। रिपोर्टका अनुसार इजरायलले सिरियाली सीमा नजिकै शुक्रबार बिहान ३:३० मा आक्रमण गरेको थियो।

एनएनएका अनुसार बेरुतको दक्षिणी चौइफत अल-अमरोसिह क्षेत्रमा, इजरायली हामलाले "दुई वटा भवनहरू क्षतिग्रस्त बनाएको थियो। सेन्ट थेरेस क्षेत्रलाई लक्षित गरी गरिएको आक्रमणमा संवैधानिक परिषद् नजिकैका दुईवटा भवनहरूसमेत ढलेको जनाएइको छ। इजरायली सेनाका अरबी भाषाका प्रवक्ता अविचे अद्राईले सामाजिक सञ्जाल एक्स मार्फत निकासी चेतावनी जारी गरे पछि बेरुतको दक्षिणमा आक्रमण भएको एनएनएले रिपोर्ट गरेको छ।

एएफपिटिभीको फुटेजमा आक्रमणपछि बेरुतको दक्षिणबाट धुवाँको मुस्लो उठेको देखाइएको छ। केही समय अघि दक्षिण बेरुतको चौइफत क्षेत्रमा नयाँ आक्रमण सुरु गरेको इजरायलले, विस्तारै हारेत ह्रीक र हदथलाई पनि लक्षित गरी आक्रमया सुरु गरेको छ। बुधबारको इजरायली आक्रमणले दक्षिण बेरुतमा छ वटा भवनहरू क्षेतिग्रस्त राष्ट्रिय सञ्चार माध्याम तथा र एएफपी फुटेजले देखाएको थियो भने इजरायली सेनाले हिजबुल्लाह हतियार उत्पादन केन्द्र भित्र आक्रमण गरेको जनाएको छ।

सेप्टेम्बर-२३ मा, इजरायलले लेबनानमा तीव्र आक्रमण सुरु गरे पछि गाजा युद्धलाई लिएर इरान समर्थित हिजबुल्लाहसँग सीमापार झडपपछि स्थलगत आक्रमणको घोषणा गरयो। पत्रकार संरक्षण समितिले सन् २०२३ अक्टोबरमा इजरायल-हमास युद्ध सुरु भएदेखि गाजा, वेस्ट ब्याङ्क, इजरायल र लेबनानमा कम्तिमा १२८ पत्रकारहरुको मृत्यु भएको जनाएको छ।

### चक्रवात दानाको अवतरण पछि भारतमा भारी वर्षा

नयाँदिल्ली, ९ कात्तिक (रासस/सिन्ह्वा)।

तीव्र चक्रवाती आँधी दानाको अवतरण पछि पूर्वी भारतीय राज्य ओडिसा र पश्चिम बङ्गालका तटीय क्षेत्रहरूमा शुक्रबार भारी वर्षा भएको अधिकारीहरुले जनाएका छन्। अधिकारीहरूका अनुसार चक्रवात दानाले ओडिसाको केन्द्रपारा जिल्लाको भितरकनिका र भद्रकको धामराको बिचमा मध्यरातमा अवतरण गरेको थियो।

करीव १००-११० किलोमिटर प्रति घण्टाको गतिमा आएको चक्रवातले ओडिसा र पश्चिम बङ्गालका धेरै क्षेत्रमा रूखहरू ढलाउनुका साथै बिजुलीका तारहरूमा क्षति पुऱ्याएको जनएइको छ। चक्रवातले केही अत्यावश्यक नागरिक सेवाहरूमा बाधा पुऱ्याएको छ भने बालीलाई क्षति पुर्याइ प्रभावित क्षेत्रको जन-जीवनमा असर पारेको छ। यद्दपी अहिलेसम्म कुनै हताहत भएको खबर आएको छैन। भारतीय मौसम विज्ञान विभाग (आइएमडी) का अनुसार दाना चक्रवातको प्रक्रिया सम्पन्न भइसकेको छ। चक्रवात उत्तर ओडिसा हुँदै उत्तरपश्चिमतर्फ बढ्ने र आगामी पाँच घन्टामा बिस्तारै कमजोर हुने सम्भावना छ।

चक्रवातको अवधिमा सावधानीको लागि बन्द गरिएका भुवनेश्वर र कोलकाताका हवाइ तथा रेल सेवाहरू शुक्रवार बिहानदेखि पुनः सुरु भएको अधिकारीहरूले जनाएका छन्। प्रभावित राज्यका स्थानीय सरकारहरूले करिव दश लाख मानिसहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गरी विद्यालय बन्द गरेको सुचना जारी गरेका थिए। प्रभावित राज्यका जिल्लाहरूमा, अधिकारीहरूले स्थानीयको सहायताका लागि स्थानीय विपद् व्यवस्थापन कर्मचारी, प्रहरी, चिकित्सा टोली र राष्ट्रिय विपद् प्रतिक्रिया बलका टोलीहरू तैनाथ गरेका थिए।

### पाकिस्तानी तालिबानको आक्रमणमा परी १० जना प्रहरीको मृत्यु

पेशावर, पाकिस्तान, ९ कात्तिक (रासस/एएफपी)।

पाकिस्तानी तालिबानले अफगान सीमा नजिकैको चेकपोस्टमा गरेको आक्रमणमा १० जना प्रहरी मारिएको अधिकारीहरूले शुक्रबार बताएका छन्। "आक्रमणका क्रममा फ्रन्टियर कन्स्टेबुलरीका दश जना जवान शहीद भएका थिए भने सात जना घाइते भएका थिए", एकजना वरिष्ठ गुप्तचर अधिकारीले बताउनुभयो। खैबर पख्तुनख्वा प्रान्तको डेरा इस्माइल खान जिल्लामा प्रहरी सहायता बलको चौकीमा करिब २० देखि २५ जना आतङ्ककारीहरूले भारी आक्रमण गरेका थिए।

आक्रमण अफगानी सीमाबाट करिब ७० किलोमिटर पूर्वमा भएको थियो। सन् २०२१ मा अफगानिस्तानमा तालिबान सत्तामा फर्किएपछि पाकिस्तानले आतङ्कवादमा वृद्धि देखेको भने पाकिस्तानी तालिबानले प्रायः सुरक्षा फौजलाई लक्षित गरी आक्रमण गर्दै आएको छ। खैबर जिल्लाको अफगान सीमा नजिकै बिहीबार राति गरिएको छुट्टै आक्रमणमा एक जना प्रहरी मारिएका छन्। ऐतिहासिक रूपमा अफगानिस्तानमा जरा भएको पाकिस्तानी तालिबानले अफगानी तालिबानकै विचारधारालाई आत्मसाथ गरेको छ।

# चाँदीको गहनासहित रौतहटबाट भारतीय नागरिक पक्राउ

रौतहट, ९ कात्तिक (रासस) ।

मोटरसाइकल प्रयोग गरी अवैध कारोबारमा संलग्न भारतीय नागरिकलाई प्रहरीले शुक्रबार यहाँ पक्राउ गरेको छ ।

भारत विहार प्रदेश सीतामढी जिल्ला असोगी टोलका ६२ वर्षीय चन्देश्वर साह सोनार करिब आठ केजी चाँदीका गहनासहित पक्राउ परेको रौतहट प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक दीपककुमार रायले जानकारी दिनुभयो ।

विआर ३० एफ ६६३५ नम्बरको मोटरसाइकल प्रयोग गरी सीमापारि बैरगनियाबाट नेपालतर्फ आउँदै गरेका साह गौर भन्सार कार्यालय अगाडि पक्राउ परेको प्रहरीले जनाएको छ ।

मोटरसाइकलको ट्याङ्कीमुनि प्लास्टिकमा लुकाइछिपाइ ल्याउँदै गरेको अवस्थामा प्रहरीले शङ्का लागि जाँच गर्दा पक्राउ परेका साहलाई निजले प्रयोग गरेको मोटरसाइकल, बरामद गरिएको गहनासहित सार्वजनिक गरिएको हो ।

प्रमुखका हैसियतले प्रहरी उपरीक्षक दिलीप घिमिरेको कार्यकालमा जिल्लामा चोरी निकासीसहित अवैध गतिविधि कम भइरहेको भनी सर्वत्र प्रशंसा भइरहेको अवस्थामा अवैध घटनाक्रम दोहोरिन थालेको भनी जिल्लावासीले चिन्ता व्यक्त गर्दै शान्ति सुव्यवस्था सुनिश्चित गर्न स्थानीय प्रशासनको ध्यानाकर्षण गरेका छन् ।

जिल्लास्थित बङ्कुल, गौर, रामपुरखाप, अरौया, बञ्जराहा, जयनगर र मटियास्थित सीमावर्ती क्षेत्रका सुरक्षाकर्मी एवं भन्सार कर्मचारीलाई छलेर लत्ताकपडा, खाद्यान्न, तरकारी, मासुजन्य पदार्थ, साना तथा मझौलाखालका हातहतियार, पटकालगायत अवैध सामग्री नेपालतर्फ भित्रिने तथा चोरी डकैती गरी अर्को देशतर्फ सुरक्षित हुनखोज्ने गैरकानुनी घटनाक्रम न्यूनीकरण तथा नियन्त्रणका लागि दुवैतर्फका जिम्मेवार अधिकारी, राजनीतिक दल, नागरिक समाजका प्रतिनिधि एवं स्थानीय जनताकाबीच समन्वय, सहयोग र सहकार्य हुनुपर्नेमा जोड दिइएको छ ।

# एक करोड ८६ लाखको सामानसहित दुई ट्रक नियन्त्रणमा

वीरगञ्ज, ९ कात्तिक (रासस) ।

प्रहरीले बिलबिजकभन्दा बढीको खुद्रा तथा औषधि बोकेका दुई ट्रक नियन्त्रणमा लिएको छ । वीरगञ्ज महानगरपालिका-८ घण्टाघरबाट रु एक करोड ८६ लाख मूल्य पर्ने खुद्रा तथा औषधि बोकेका ट्रक प्रहरीले नियन्त्रणमा लिएको हो ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक दीपक भारतीका अनुसार सुदूरपश्चिम प्रदेश ०१-००१ ख २६९९ तथा सुदूरपश्चिम ०१-००१ ख २६६१ नम्बरको मालबाहक ट्रक प्रहरीले नियन्त्रणमा लिएको हो । बिजबिजकभन्दा बढीका सामान बोकेको आशङ्कामा ट्रक नियन्त्रणमा लिएको उहाँले बताउनुभयो । दुवै ट्रक आवश्यक अनुसन्धानका लागि राजस्व अनुसन्धान कार्यालय पथलैया, बाराको जिम्मा लगाइएको प्रहरी नायब उपरीक्षक भारतीले जानकारी दिनुभयो ।

यसअघि पर्सा प्रहरीले यही कात्तिक ७ गते पनि बिलबिजक नभएको रु एक करोड १४ लाख मूल्य पर्ने लत्ताकपडा तथा औषधि बोकेको ट्रक नियन्त्रणमा लिएको थियो । प्रहरीले वीरगञ्ज महानगरपालिका-८ घण्टाघरचोकबाट ना ३ ख ५१८७ नम्बरको ट्रक नियन्त्रणमा लिएको थियो ।


लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं ।

**अनुरोधकर्ता**

**तिरहुत गाउँपालिका**

**गाउँ कार्यापालिकाको कार्यालय**

**सप्तरी, मधेश प्रदेश**


# सिटामोल अभाव छैन : औषधि लिमिटेड

काठमाडौँ, ९ कात्तिक (रासस) ।

बजारमा सिटामोल अभाव भएको भन्ने हल्ला मात्र रहेको नेपाल औषधि लिमिटेडले जनाएको छ । लिमिटेडका प्रबन्ध निर्देशक कैलाशकुमार पनेरुले सिटामोलको कुनै अभाव नरहेको र यसको नियमित उत्पादन पनि भइरहेको बताउनुभयो ।

राससससँग कुरा गर्दै उहाँले भन्नुभयो, "हामीले नियमित उत्पादन गरिरहेका छौँ । दैनिक दुई सिफ्टमा काम भइरहेको छ । सिटामोलसँगै जीवनजललगायत अन्य औषधि पनि उत्पादन भइरहेको छ ।" उहाँका अनुसार दैनिक तीन लाख सिटामोल उत्पादन भइरहेको छ ।

"डेङ्गीका बेला पनि सिटामोल पाइएन भन्ने सुनिएपछि सूचना निकालेका छौँ । हामीसँग जति खरिदका लागि आउनुभएको छ, दिएका छौँ । खरिद बिक्रीको अनुपात हेर्ने हो भने सन्तुलित छ", प्रबन्ध निर्देशक पनेरुले भन्नुभयो । सिटामोलको अभाव रहेको भन्ने विभिन्न माध्यमबाट गुनासो आएकाले लिमिटेडले बिहीबार एक सूचना जारी गरी सोबारे ध्यानकर्षण गराएको थियो ।

खरिदका लागि सम्पर्क गर्नुहुने लिमिटेडका सबै भण्डारणकर्ता, सरकारी अस्पताल तथा तीनै तहका सरकार मातहतका स्वास्थ्य आपूर्ति व्यवस्थापन निकायलाई मागअनुसारको परिमाणमा सिटामोलको तत्काल आपूर्ति गर्दै आइरहेको सूचनामा उल्लेख छ ।

लिमिटेडले पछिल्लो समय बढिरहेको डेङ्गीको सङ्क्रमणलाई लक्षित गर्दै सर्वसाधारणका लागि सिटामोल सहज रुपमा उपलब्ध गराउने उद्देश्यले काठमाडौँ, बबरमहलस्थित बिक्री महाशाखाको काउन्टरबाट जोकोहीले आवश्यकता अनुसारको खरिद गर्नसक्ने व्यवस्था मिलाएको छ । उक्त काउन्टरबाट बिहान ८ बजेदेखि साँझ ६ बजेसम्म सिटामोल खरिद गर्नसक्ने लिमिटेडले जनाएको हो ।

# डेङ्गी नियन्त्रणका लागि देशभरका कार्यालयमा सरसफाइ अभियान

काठमाडौँ, ९ कात्तिक (रासस) ।

सरकारले डेङ्गी नियन्त्रणका लागि शुक्रबार देशभरका कार्यालयमा सरसफाइ अभियान सञ्चालन गरेको छ । सरकारले डेङ्गीको सङ्क्रमण बढिरहेकाले शुक्रबारदेखि देशव्यापी रुपमा लामखुट्टेको बासस्थानको 'खोज र नष्ट गर' अभियान थालेको हो ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले स्वास्थ्य मन्त्रालयसहित सिंहदरबारभित्रका मन्त्रालयहरु, संवैधानिक निकाय, सेना, प्रहरी, सशस्त्रलगायत विभिन्न कार्यालयका कर्मचारी सरसफाइ अभियानमा सहभागी हुनुभएको जानकारी दिनुभयो ।

स्वास्थ्य मन्त्रालयले डेङ्गी रोकथाम तथा नियन्त्रणका लागि हरेक शुक्रबार '१० बजे १० मिनेट' कार्यक्रममा सहभागी हुन मन्त्रालय, विभाग, निजामति कर्मचारी, सुरक्षा निकाय, सामाजिक अभियन्ताका साथै आमनागरिकलाई आह्वान गरेको छ ।

प्रवक्ता डा बुढाथोकीले दसैँपछि डेङ्गी सङ्क्रमित बढ्नुका साथै स्वास्थ्य संस्थामा परीक्षण गराउने र भर्ना हुनेको दर पनि बढेकाले नियन्त्रणका लागि विगतका वर्षमा झैं खोज र नष्ट अभियान सञ्चालन गरिएको बताउनुभयो । उहाँले भन्नुभयो, "आमनागरिक, सेना, प्रहरी, कर्मचारी सबैलाई यो अभियानमा सहभागी हुन अनुरोध गरेका छौँ ।"

शुक्रबारमा मात्र सीमित नराखी कम्तीमा हप्तामा एक पटक भए पनि अभियानमा सहभागी भएमा डेङ्गी नियन्त्रण गर्न सकिने प्रवक्ता डा बुढाथोकीले उल्लेख गर्नुभयो । डेङ्गी सङ्क्रमणबाट सुरक्षित हुन सरसफाइमा विशेष ध्यान दिनुपर्ने भन्दै आफ्नो गाउँटोल सफा राख्न उहाँले सबैलाई आग्रह गर्नुभयो ।

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (इडिसिडी)का अनुसार हालसम्म डेङ्गी सङ्क्रमितको सङ्ख्या २२ हजार ८२ पुगेका छन् । देशभर ७६ जिल्लामा डेङ्गी फैलिएको छ । काठमाडौँ, कास्की, तनहुँ, चितवन र पर्वतमा सङ्क्रमितको सङ्ख्या बढी देखिएको छ । हालसम्म डेङ्गीबाट ११ जनाको मृत्यु भइसकेको छ ।

डेङ्गी नियन्त्रणका लागि पानी जम्मा गरी राखिएका पानीको टयाङ्की, ड्रम, गाग्री, बाल्टिनलाई लामखुट्टे छिर्न नपाउने गरी राम्रोसँग छोपेर राख्ने, आफ्नो घर वरपर, कार्यस्थल र सार्वजनिक स्थानमा फालिएका काम नलाग्ने भाँडाकुँडा, सिसी, बोतल, टीका बट्टा, प्लास्टिकजन्य वस्तु तथा पानी जम्न नसक्ने अन्य भाँडा तथा सामग्रीलाई पानी नजम्ने गरी व्यवस्थापन गर्नुपर्छ ।

# राजेन्द्र महतोले नयाँ पार्टी दर्ताका लागि दिए निर्वाचन आयोगमा निवेदन



**दैनिक समाचारदाता**
**राजविराज, ९ कात्तिक ।**

राजेन्द्र महतो अध्यक्ष रहने गरी नयाँ पार्टी दर्ताका लागि निर्वाचन आयोगमा शुक्रबार निवेदन परेको छ ।

महतोको नेतृत्वमा राष्ट्रिय मुक्ति पार्टी नेपाल दर्ताका लागि शुक्रबार निर्वाचन आयोगमा निवेदन दिएको नेता केशव झाले जानकारी दिए ।

उनले पार्टीमा अध्यक्ष र १ सय ७३ जना केन्द्रीय सदस्य रहेको बताए । पार्टीले चुनाव चिह्न माछा प्रस्ताव गरेको उनले बताए ।

यसअघि मधेसकेन्द्रित दलहरूमा सक्रिय रहेका महतो यो पार्टीलाई भने राष्ट्रिय दलको रूपमा आकार दिने गरी तयारी गरिरहेका छन् । महतो यसअघि सद्भावना पार्टी (आनन्दीदेवी), राष्ट्रिय जनता पार्टी, जनता समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी पार्टीमा सक्रिय थिए । उनी पटक-पटक मन्त्रीसमेत भएका थिए ।

महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) परित्याग गरेका महतो केही समयदेखि राष्ट्रिय मुक्ति अभियानमार्फत सक्रिय रहँदै आएका थिए ।

गत फागुनमा महतोले लोसपा परित्याग गरेका थिए । त्यसबेलादेखि नै उनले अभियान सञ्चालन गरेका थिए ।

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np